# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०६ मई २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

१. भारत-पाकिस्तानबीच युद्ध जस्तो स्थितिलाई ध्यानमा राख्दै पश्चिम बंगाल विधानसभामा सुरक्षाको कडा प्रबन्ध गरिएको छ।

२. कविगुरु रवीन्द्रनाथ ठाकुरको जयन्ती राज्यभरि तथा यता पहाडमा पनि पालन गरिएको छ| यस अवसरमा पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यनर्जीले गुरुदेवलाई श्रद्धाञ्जलि अर्पण गर्दै गुरूदेव हाम्रो जीवन, भाषा र आशामा जीवन्त हुनुहुन्छ भानु भएको छ।

३. गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) अन्तर्गत रहेका सबै विद्यालयहरूमा भोलिदेखि ग्रीष्मकालीन छुट्टी लागू हुने भएको छ।

४. मिरिकका पूर्व सैनिकहरूले आतंकवाद विरुद्ध भारत सरकारले चालेका कदमहरूको प्रशंसा गर्दै त्यसलाई सकारात्मक बताएका छन्|

५. सुदन गुरुङमाथि भएको कथित हमलाको विरोधमा नागरिक समूहले आज दार्जिलिङ जिल्ला पुलिस प्रशासनलाई ज्ञापन पत्र बुझाउँदै दोषीहरूलाई कडा कार्बाहीको माग गरेको छ।

## विधानसभा- सुरक्षा प्रबन्ध

भारत-पाकिस्तान बीच युद्ध जस्तो स्थितिलाई ध्यानमा राख्दै पश्चिम बंगाल विधानसभामा सुरक्षाको कडा प्रबन्ध गरिएको छ । राज्यका विधानसभा अध्यक्ष बिमान बनर्जीले विधानसभा कर्मिहरुको छुट्टी रद्द गरिएको अनि सुरक्षा व्यवस्थाको व्यापक समीक्षा भैरहेको बताउनुभयो। येद्धपी उहाले मानिसहरुसित नआत्तिने तर सतर्क रहने अपील गर्नुभएको छ। उहाले भन्नुभयो -बिना कारण भयभीत हुने आवश्यकता छैन। सबै प्रकारको सुरक्षा तैयारिहरु गरिँदैछ। नवान्न राज्य सचिवालय नवान्नले अघि बाटै सबै राज्य कर्मचारिहरुको छुट्टी रद्द गर्ने निर्देश जारी गरिसकेको छ ।

## जमात-उल-मुजाहिद्दीन

भारत-पाकिस्तान माझ जारी तनाव बीच पश्चिम बंगालको बीरभूम जिल्लाबाट जमात-उल-मुजाहिद्दीन (जेएमबी) का दुई जना संदिग्ध आतंकिहरुलाई पक्राउ गरिएको छ । राज्य एसटीएफ ले हिज राती नलहाटी अनि मुरारोई इलाकाहरुबाट छापा मारेर दुवै जनालाई पक्राउ गरेको हो । आज उनीहरुलाई रामपुरहाट न्यायालयमा पेश गरिए पछि 14 दिनको पुलिस हिरासतको मांग गरियो । दुवैजना जेएमबी का सक्रिय सदस्य हुन् जो भारतमा प्रतिबंधित कट्टरपंथी संगठन हो। पुलिस सूत्रहरु अनुसार उनुहरुको उद्देश्य भारतको संप्रभुतालाई छति पुर्याउनु रहेको थियो । यसको लागि उनीहरुले विशेष स्थानहरु अनि प्रतिष्ठित व्यक्तिहरुलाई निशाना बनाउने योजना पनि बनाएका थिए।

## मुख्यमन्त्री - श्रद्धाञ्जलि

कविगुरु रवीन्द्रनाथ ठाकुरको जयन्तीको अवसरमा पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यनर्जीले गुरुदेवलाई श्रद्धाञ्जलि अर्पण गर्दै एक भावनात्मक सन्देश साझा गर्नुभएको छ। उहाले भन्नुभयो -25 बैशाख अर्थात् आजको दिन मात्र नभएर हरेक दिन

नै गुरूदेव हाम्रो जीवन, भाषा र आशामा जीवन्त हुनुहुन्छ। मुख्य मन्त्रीले आफ्नो आधिकारिक सोशल मीडिया अकाउण्टबाट रवीन्द्रनाथ ठाकुरको प्रसिद्ध कविता "जहां मन में कोई भय ना हो..." का केही पंक्तिहरू साझा गर्दै "कविगुरु रवीन्द्रनाथ ठाकुरको जन्मदिवसमा हाम्रा प्राणहरूको ठाकुरलाई हामी आफ्नो अन्तरतम श्रद्धा तथा प्रणाम अर्पण गर्दछौं" भनेर लेख्नुभएको छ। स्मरण गराइन्छ, कविगुरू रवीन्द्रनाथ ठाकुरको जन्म 7 मई, 1861-मा भएको थियो जुन बंगाली पंचाग अनुसार 25 बैशाखमा पर्दछ। यसै दिनलाई बंगाल सहित देश-विदेशमा 'रवीन्द्र जयन्ती'- को रूपमा मनइन्छ। उहाँका रचनाहरूले आज पनि सामाजिक , सास्कं ृतिक तथा आध्यात्मिक चेतनालाई मार्गदर्शन गर्छन्।

**रवींद्रनाथ टैगोर - जन्मदिन**

बीरभूम जिल्लाको विश्वभारती विश्वविद्यालयमा भव्यताको साथ गुरुदेव रवींद्रनाथ टैगोरको जन्मदिन पालन गरियो । देशमा युद्धकालीन स्थिति रहेता पनि शांतिनिकेतनमा आज बिहान 5 बजे देखि रवीन्द्र भवनमा रवींद्र संगीत, वैदिक मंत्रोच्चार अनि पूजा गरियो । रवींद्र जन्मोत्सव समारोह बिहान पांच बजे गौड़प्रांगणमा शुरू गरियो । त्येस पछि रवींद्र भवनमा काव्यपाठ गरिए पछि पारंपरिक पूजा घरमा ब्रह्म उपासना अनि वैदिक मंत्रोच्चार गरियो । त्येस पछि माधवीवितनमा बिहान नौ बजे कविगुरूलाई श्रधांजलि अर्पित गरियो । विश्वभारतीका कुलपति प्रबीर कुमार घोषले रवींद्र भवनमा कवि द्वारा प्रयोग गरिएको कुर्सीमा फूल चढ़ाएर उहालाई श्रद्धांजलि दिनुभयो । उल्लेखनीय छ 17 सितंबर 2023 मा यूनेस्कोले विश्व कवि रवींद्रनाथ टैगोर द्वारा स्थापित विश्वभारती विश्वविद्यालयलाई 'विश्व धरोहर' को मान्यता दिएको थियो ।

**रवीन्द्र जयन्ती - मङ्पू**

मङ्पूको रवीन्द्र भवनमा आज विश्वकवि रवीन्द्रनाथ ठाकुरको 164 औं जन्म जयन्ती भव्यताको साथ पालन गरिएको छ। रवीन्द्र स्मृति श्रमिक कल्याण केन्द्र मङ्पू अनि सूचना एवं संस्कृति विभाग दार्जिलिङको आयोजनामा भव्यताको साथ रवीन्द्र जयन्ती पालन गरियो। कार्यक्रममा विशिष्ट अतिथिहरु दार्जिलिङका एडीएम डेभलपमेन्ट अनिर्वान च्याटर्जी, एडीएम एलआर राम तामाङ, सभासद रतन थापा, डीआईसी खाङडोमा भोटिया, एआईओ जीना राई, रवीन्द्र स्मृति श्रमिक कल्याण केन्द्र अधिकारी सदुमा छेत्री अनि पञ्चात प्रधानहरु पुष्कर सिङगर अनि ममता थापाको बाहुलीबाट गुरुदेवको तस्वीर दीप प्रज्वलन गरियो। श्रीमती पिन्की गजमेरले सञ्चालन गरेको कार्यक्रममा कोलकोत्ताबाट आएका कलाकारहरु सुदेशना सन्याल रुद्र अनि सुदेश सन्याल रुद्र, सुनिता झा अनि अन्य कलाकारवर्गले रवीन्द्र संगीत प्रस्तुत गरे भने लोक प्रकल्प विभागका गायक पदम बराईली अनि अन्य कलाकारवर्गले गीत अनि नृत्य प्रस्तुत गरेका थिए।समथार ग्रीनेरी कालेबुङका कलाकारहरूले नृत्य, रवीन्द्र संगीत अनि आवृति प्रस्तुत गरेका थिए।

**विद्यालयहरू छुट्टी**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) अन्तर्गत रहेका सबै विद्यालयहरूमा भोलिदेखि ग्रीष्मकालीन छुट्टी लागू हुने भएको छ। देशको वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै जीटीएको शिक्षा विभागले आज एक आधिकारिक आदेश जारी गर्दै विद्यालयहरू अस्थायी रूपमा बन्द गर्ने निर्णय लिएको हो। शिक्षा विभागद्वारा जारी सूचनामा भनिएको छ, सबै सरकारी, सरकारी सहायता प्राप्त तथा निजी विद्यालयहरूमा भोलिबाट ग्रीष्मकालीन छुट्टी शुरु हुनेछ। छुट्टीको अवधि र विद्यालय पुनः सञ्चालनको मिति 2 जून, 2025 रहेको छ।

**मिरिक- पूर्व सैनिक**

मिरिकका पूर्व सैनिकहरूले आतंकवाद विरुद्ध भारत सरकारले चालेका कदमहरूको प्रशंसा गर्दै त्यसलाई सकारात्मक बताएका छन्। आज मिरिकमा पत्रकारहरूसँग कुराकानी गर्दै, EFR WBP वेलफेयर एसोसिएसनका कोषाध्यक्ष, सेवानिवृत्त सुबेदार सहदेव रणपहेलीले भन्नुभयो- आतंककारीहरूको कुनै जात वा धर्म हुँदैन। तिनीहरू प्रत्येक व्यक्ति, समाज, राष्ट्र र सम्पूर्ण विश्वका लागि खतरा हुन्। उहाले भन्नुभयो, यदि देशले आवश्यक ठानेमा वा देशले आतंकवादसँग लड्न आह्वान गर्छ भने, पूर्व सैनिकहरू देशको लागि उत्साह र बलिदानका साथ अगाडि आउन तयार छन्। पूर्व गोर्खा सैनिक संगठन मिरिक अञ्चल समिति सदस्य

अवकाशप्राप्त मानद क्याप्टेन भरत गुरुङले आतंकवादलाई पूर्ण रूपमा उन्मूलन गर्न विश्वका सबै देशहरू अगाडि आउनुपर्ने बताउनुभयो। देशलाई आतंकवादबाट सुरक्षित राख्न आतंककारीहरूलाई निर्मूल पार्नु पर्छ। उहाँले अपरेशन सिन्दूर मार्फत आतंकवाद विरुद्ध भारत सरकारले गरेको कारबाहीको प्रशंसा गर्दै यसलाई समयसापेक्ष बताउनुभयो। सेवानिवृत्त हवल्दार सुक बहादुर तामाङले २२ अप्रेलमा पहलगाममा निर्दोष पर्यटकहरूको हत्या गर्ने आतंककारीहरूलाई उचित जवाफ दिएकोमा भारत सरकारको अपरेशन सिन्दूरको प्रशंसा गर्दै भारतको प्रतिक्रिया आतंककारीहरूका लागि पाठ भएको बताउनुभयो। उहाले अझ भन्नुभयो- आतंकवादलाई कुनै पनि मूल्यमा अन्त्य गर्नुपर्छ, जसको लागि सबै भारतीयहरू एकजुट छन्।

## सुदन गुरुङमाथि हमला

सामाजिक कार्यकर्ता सुदन गुरुङमाथि भएको कथित प्राणघातक हमलाको विरोधमा नागरिक समूहले आज दार्जिलिङ जिल्ला पुलिस प्रशासनलाई ज्ञापन पत्र बुझाउँदै दोषीहरूलाई कडा कार्बाहीको माग गरेको छ। हिजो साँझ दार्जिलिङ बजार क्षेत्रमा सुदन गुरुङमाथि हमला भएको थियो। घटनापछि गम्भीर घाइते भएका उनलाई दार्जिलिङ जिल्ला अस्पतालमा भर्ना गरिएको छ। हाल उनको अवस्था खतरामुक्त रहेको बताइएको छ। उक्त घटनालाई केन्द्र गरेर दार्जिलिङ पहाडमा व्यापक रोषको माहोल छ। सामाजिक सञ्जालमा चौतर्फी निन्दादेखि सडकमा ओर्लिएर मानिसहरूले यसमाथि कडा आपत्ति जनाइरहेका छन्।यसबारे ज्ञापन बुझाएपछि मिडियासँग कुरा गर्दै उपस्थित प्रतिनिधिहरूले नागरिक सुरक्षाको प्रत्याभूति सुनिश्चित गरिनुपर्नेमा जोड दिएका छन्।

## डा. हर्कबहादुर छेत्री

सामाजिक कार्यकर्ता सुदन गुरुङमाथि हिजो साँझ दार्जिलिङ बजार क्षेत्रमा भएको आक्रमणपछि पहाड फेरि एक पटक स्तब्ध छ। यस आक्रमणको विरोधमा एक्यबद्धता जनाउन दार्जिलिङ आइपुगेका शिक्षाविद् एव पूर्व विधायक डा. हर्कबहादुर छेत्रीले आफ्नो प्रतिक्रियामा यस्तो घटनालाई बर्बर सभ्यताको मानसिकतासँग तुलना गर्नु भयो भने यस्तो घटनाले दार्जिलिङ पहाडको शैक्षिक स्तर र सोँचमाथि खरो प्रश्न खडा हुने गरेको मत व्यक्त गर्नु भएको छ।शिक्षणजस्तो राष्ट्र निर्माताको घडेरी बनाउने पेशामा सबैको समान अवसरका पक्षधर सुदन गुरुङको अडानलाई समर्थन जनाउँदै डा. छेत्रीले अर्कोतिर शिक्षाको क्षेत्रमा भइरहने राजनीतिक हस्तक्षेप र ‘चोर दैलो’ प्रणालीको आलोचना र कडा शब्दमा निन्दा गर्नु भएको छ।

## स्वास्थ्य जाँच शिविर आकाशवाणी

आकाशवाणी खरसाङको मनोरञ्जन क्लबको आयोजनामा आज आकाशवाणी परिसरमा स्वास्थ्य जाँच शिविरको आयोजना गरियो। आकाशवाणी खरसाङका अधिकारीहरु र कर्मचारीहरुको स्वास्थ्य जाँच गर्ने उद्देश्यका साथमा आयोजना गरिएको यस स्वास्थ्य जाँच शिविरमा सिलगढीकोएक निजी नर्सिङ होमका डाक्टर र स्वास्थ्यकर्मीहरु उपस्थित रहेका थिए।शिविरमा डाक्टर मोहित केडिया विशेष रुपमा उपस्थित हुनुहुन्थ्यो। उक्त स्वास्थ्य जाँच शिविरमा आकाशवाणी खरसाङका लगभग 70 जना अधिकारीहरु र कर्माचारीहरुले आफ्ना स्वास्थ्य जाँच गराएका छन्। शिविरमा रक्तचाप, मधुमेह लगायत अन्य बिमारीहरु जाँच गरिएको थियो। यसका साथै उक्त जाँच शिविरमा कतिपय रोगहरुलाई उपचारको लागि परामर्श दिनुका साथै औषधिहरु पनि वितरण गरिएको छ।यस स्वास्थ्य जाँच शिविर विषयमा पत्रकारहरुसित कुराकानी गर्दै आकाशवाणी खरसाङको प्रसारण निष्पादक एवं आकाशवाणी खरसाङको मनोरञ्जन क्लबका सचिव मिङमा दोर्जे लामाले आकाशवाणी खरसाङका अधिकारीहरु र कर्माचारीहरुको स्वास्थ्य जाँच गर्न साथै रोगहरु विषयमा अवगत गराई सचेत गराउन उक्त स्वास्थ्य जाँच शिविरको आयोजना गरिएको जानकारी गराउनु भएको छ।

## वार्षिक उत्सव

खरसाङको सन्त जोसेफ कन्या उच्चत्तर माध्यमिक विद्यालयमा वार्षिक उत्सव सम्पन्न भएको छ। लगातार चार दिनसम्म चलेको यस उत्सवको समापन आज भएको हो। उत्सवमा विद्यालयका विद्यार्थीहरूले विविध सांस्कृतिक, उत्साहजनक एवम् मूल्यमा आधारित नृत्य अनि नाटकहरू प्रस्तुत गरेका थिए। आज सम्पन्न समापन समारोहमा मुख्य अतिथिको रूपमा विद्यालयकी

भूतपूर्व शिक्षिका रोमा जिम्बा उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिको रूपमा एआई अफ स्कूल रोशनी सार्की, एमसी भरत पटेल लगायत विद्यालयका भूतपूर्व शिक्षिकाहरू अनि अन्य गण्यमान्य व्यक्तिहरू उपस्थित थिए।शिक्षिकाहरू नाचु प्रधान, नमिता ग्रेस प्रधान अनि एनमेरी गुरूङले सञ्चालन गरेको कार्यक्रममा धन्यवाद ज्ञापन विद्यालयकी प्रधान अध्यापिका सिस्टर जसवीन लेप्चाले राख्नु भएको थियो। समारोहलाई सम्बोधन गर्दै मुख्य अतिथि श्रीमती रोमा जिम्बाले कार्यक्रम खुबै उत्कृष्ट भएको जनाउँदै विद्यालयका सम्पूर्ण शिक्षिकागण एवम् विद्यार्थीहरूलाई बधाई दिनु भयो।

****** ० ******